# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६३) काठमाडौं, असोज २१ गते, २०७० साल (संख्या २७

## भाग ५

### अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सूचना

निजामती कर्मचारीको समान पदको न्यूनतम तलवस्केल बराबरको पारिश्रमिक पाउने गरी निजामती कर्मचारीका लागि सम्बन्धित पदमा उम्मेदवार हुन योग्य व्यक्तिलाई पदाधिकारी आफैंले नियुक्त गर्न सक्ने गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त र आयुक्तलाई देहायको जनशक्ति सुविधा उपलब्ध गराउने र सो सुविधा प्रमुख आयुक्त र आयुक्त आफ्नो पदबाट अवकास भएको बढीमा १५ (पन्ध्र) दिन कायम रहने गरी मिति २०७०।६।४ मा नेपाल सरकारबाट निर्णय भएकोले यो सूचना प्रकाशन गरिएको छ ।

क) <u>प्रमुख आयुक्तको लागि</u>

शाखा अधिकृत वा सो सरह - १ (एक) जना

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नायव सुब्बा वा सो सरह - १ (एक) जना
कार्यालय सहयोगी (श्रेणी विहिन) - २ (दुई) जना

(ख) <u>आयुक्तको लागि</u>

नायव सुब्बा वा सो सरह - १ (एक) जना
कार्यालय सहयोगी श्रेणी विहिन - १ (एक)जना

आज्ञाले,
केशव प्रसाद भट्टराई
नेपाल सरकारको सचिव

**नेपाल सरकार**

## वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना

नेपाल सरकार वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट खण्ड ५९ संख्या २८ मिति २०६६।७।१६ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित सूचना नं. २ को प्रकरण (१)को अन्त्यमा देहायको व्यहोरा थप गरिएको छ ।
"तर भन्सार विन्दु परिर्वतनका लागि सिफारिस वा स्वीकृति लिँदा रु. २५००। (दुई हजार पाँचसय) दस्तुर लाग्नेछ ।"

आज्ञाले,
दीपक सुवेदी
नेपाल सरकारको नि.सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाण्डौमा मुद्रित । मूल्य रू. ५।-
गो.हु.द.नं. १३।०६२।०६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।